# आर्थिक वर्ष २०८१/०८२ को लागि बजेट तथा कार्यक्रम प्रस्ताव गर्ने सम्बन्धी सामाजिक विकास कार्यालय, मनाङबाट जारी सार्वजनिक सूचना

गण्डकी प्रदेश सरकार, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, पोखरा मातहत रही गण्डकी प्रदेश सरकारबाट बिनियोजित बजेट तथा कार्यक्रम सञ्चालन गर्ने यस कार्यालयले महिला, बालबालिका, युवा, दलित समूदाय, सामाजिक संघ संस्था, विज्ञान तथा प्रविधि, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक अल्पसंख्यक, ज्येष्ठ नागरिक, शिक्षक-विद्यार्थी, भाषा, साहित्य तथा संस्कृति लगायत विविध क्षेत्रका भौतिक पूर्वाधार विकास र जागरण, सशक्तिकरण, सचेतना अभिबृद्धि, सीप तथा क्षमता विकास लगायतका क्षेत्रमा कार्य गर्दै आइरहेको बेहोरा विदितै छ । गण्डकी प्रदेश सरकार आगामी आ.व.२०८१।८२ को बजेट निर्माणको चरणमा रहेको एवं सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, पोखराबाट यस कार्यालयलाई आगामी आ.व.को चालु कार्यक्रम र पूँजिगत आयोजनाको तयारी गर्नका लागि निर्देशन भएको हुँदा यस कार्यालयको कार्यक्षेत्रभित्रको विषयमा स्थानीय तहको आवश्यकता र प्राथमिकता समेतका आधारमा स्थानीय तहको लागत साझेदारीसमेतमा सम्बन्धित स्थानीय तहमा सञ्चालन गर्न सकिने आयोजना तथा कार्यक्रमको सूचि तपसिलको ढाँचामा मिति २०८१।०१।३० गतेभित्र उपलब्ध गराइदिनु हुन यस जिल्लाका सम्पूर्ण स्थानीय तहमा पत्राचार भइसकेको बेहोरा सम्बन्धित सबैमा सूचित गरिन्छ ।

**पुनश्च:**

आफ्नो समूदाय, क्षेत्र, वर्ग, संघ/संस्था आदीका लागि विभिन्न आयोजना तथा कार्यक्रमका निमित्त बजेट आवश्यक पर्ने संघसंस्था र समूदायले यसै प्रक्रिया बमोजिम स्थानीय तह मार्फत बजेट माग गर्नु हुन समेत अनुरोध छ । यस कार्यालयले प्राप्त निवेदन/सिफारिसका आधारमा श्री सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश पोखरा, मनाङ जिल्लाका जननिर्वाचित जनप्रतिनिधिज्यूहरु, राजनीतिक दल एवं अन्य सरोकारवाला निकायहरुको निर्देशन, सुझाव, समन्वय र सहजिकरणसमेतका आधारमा प्राप्त आयोजना तथा कार्यक्रमहरुको प्राथमिकिकरण गरी बजेट बिनियोजनका लागि सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश पोखरामा अनुरोध गर्ने बेहोरा समेत सम्बन्धित सबैमा अनुरोध छ ।

**तपसिल**

| क्र.सं. | खर्च/वित्तीय संकेत नं. | आयोजना/कार्यक्रमको नाम | प्रस्तावित बजेट (रु. हजारमा) | | | अनुमानित लाभान्वित परिवार र जनसंख्या | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | स्थानीय तह | प्रदेश सरकार | जम्मा बजेट | परिवार | जनसंख्या | |
| १. | | | | | | | | |
| २. | | | | | | | | |

**संलग्न गर्नुपर्ने कागजात :**

१. स्थानीय तहको सिफारिस
२. प्रमाणित लागत अनुमान
३. पूँजिगत आयोजनाको हकमा आयोजना सञ्चालन गरिने संस्थाको नाममा जग्गाको स्वामित्व रहेको प्रमाणको प्रमाणित प्रतिलिपि (लालपूर्जा/भोगाधिकार सम्बन्धी प्रमाण ।)
४. चालु कार्यक्रमको हकमा कार्यक्रम सञ्चालन गर्ने संस्थाको नियमानुसार दर्ता, नवीकरण, भ्याट/पान दर्ता, कर चुक्ता प्रमाणपत्र, लेखापरीक्षण प्रतिवेदन आदी ।

मिति : २०८१।०१।२० गते ।

गण्डकी प्रदेश सरकार सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय सामाजिक विकास कार्यालय मनाङ

नारायण प्रसाद बाँस्तोला
कार्यालय प्रमुख

सामाजिक विकास कार्यालय,
मनाङ